कोशी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

पूर्वाधार विकास निर्देशनालय

# पूर्वाधार विकास कार्यालय, तेह्रथुम

म्याङ्लुङ, नेपाल

## *सडक मर्मत सम्भार कर्ता छनोटको लागि सार्वजनिक सूचना*

***मितिः २०८३/०५/०९***

यस कार्यालय अन्तर्गत नियमित सडक मर्मत सम्भार कार्यका लागि तोकिएको सडक खण्डमा कार्यरत सडक मर्मत सम्भार कर्ताले काम छाडेको हुँदा उक्त सडक खण्डमा नियमित सडक मर्मत सम्भार कार्य सञ्चालनका लागि **१ (एक)** जना सडक मर्मत सम्भार कर्ता आवश्यक परेकोले सम्बन्धित सडक खण्डबाट बढीमा आधा घण्टाको पैदल दूरीमा स्थायी बसोबास भएका, योग्य तथा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेका इच्छुक नेपाली नागरिकबाट देहायबमोजिम दरखास्त आह्वान गरिएको छ।

**तपसिल**

१. सडकको नाम : शेर्मा-जलजले-भण्डारी डाँडा-इशिबु-संक्रान्ति-आठराई-फेदाप सडक, तेह्रथुम

२. सडकको कुल लम्बाइ : १७.६० कि. मि.

३. सडक मर्मत सम्भार कर्ता आवश्यक सडक खण्ड : जलजले, फेदाप, तेह्रथुम

| क्र. सं. | सडक खण्ड (चेनज) | लम्बाइ |
|---|---|---|
| १ | चेनज ३+००० देखि ६+००० सम्म | ३.० कि. मि. |

४. छनोटको आधार, प्रक्रिया, मर्मत सम्भार कर्ताको कार्य विवरण तथा भुक्तानी लगायतका विषयहरू सडक मर्मत सम्भार दिग्दर्शन, २०८१ बमोजिम हुनेछ। दिग्दर्शन कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको वेबसाइट (https://mopid.koshi.gov.np) मार्फत बाट हेर्न सकिनेछ।

५. दरखास्त दिने स्थान र म्याद : यस सूचना साथ संलग्न ढाँचामा दरखास्त भरी नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि सहित मिति **२०८३/०५/१५** गतेसम्म कार्यालय समयभित्र यस कार्यालयमा दरखास्त दर्ता गराउनु पर्नेछ।

**आवश्यक योग्यता/शर्त**

- नेपाली नागरिक भएको हुनुपर्ने।
- उमेर १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको हुनुपर्ने।
- सम्बन्धित सडक खण्डबाट बढीमा आधा घण्टाको पैदल दूरीमा स्थायी बसोबास भएको हुनुपर्ने।
- सडक मर्मत सम्भार सम्बन्धी तोकिएको कार्य गर्न सक्षम तथा इच्छुक हुनुपर्ने।
- दरखास्तमा उल्लेख गरिएका विवरणहरू सत्य हुनुपर्नेछ। झुट्टा विवरण पेश गरेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही गरिनेछ।
- छनोट सम्बन्धी अन्य व्यवस्था सडक मर्मत सम्भार दिग्दर्शन, २०८१ बमोजिम हुनेछ।

**नि. कार्यालय प्रमुख**

मितिः

श्रीमान् कार्यालय प्रमुख ज्यू,
पूर्वाधार विकास कार्यालय, तेह्रथुम
म्याङ्लुङ, नेपाल।

**विषयः सडक मर्मत सम्भार कर्ताको रूपमा कार्य गर्न पाउँ भन्ने बारे।**

उपरोक्त विषयमा त्यहाँ कार्यालयको मिति २०८३/०५/०९ को सडक मर्मत सम्भार कर्ताको छनौट सम्बन्धी सूचना अनुसार तेह्रथुम जिल्ला फेदाप गाउँपालिका वडा नं. ___ को स्थायी निवासी म ______________________ तपसिल बमोजिम सडक खण्डको मर्मत सम्भार कर्ताको रूपमा काम गर्न योग्य तथा इच्छुक भएकोले निवेदन पेश गरेको छु।

तपसिलः

काम गर्न इच्छुक सडकको नाम : शेर्मा-जलजले-भण्डारी डाँडा-इशिबु-संक्रान्ति-आठराई-फेदाप सडक, तेह्रथुम

काम गर्न इच्छुक सडक खण्ड : जलजले, फेदाप, तेह्रथुम (चेनज ३+००० देखि ६+००० सम्म)

उम्मेदवारको नाम :

उम्मेदवारको नागरिकता प्रमाणपत्र नं. :

सडक खण्ड र स्थायी निवासबिचको दुरी पैदल बढीमा आधा घण्टा छ।: हो ☐ होइन ☐

**पारिवारिक कुल बार्षिक आम्दानि, रू.:**

उल्लेखित विवरण साँचो हो। झुटा ठहरिए प्रचलित कानून बमोजिम कारबाही स्वीकार गर्नेछु।

**संलग्न कागजातः**

१) नागरिकता प्रमाणित प्रतिलिपि,
२) अन्य।

निवेदक

नामः

हस्ताक्षरः